**नेपाल कृषि प्रसार समितिका अध्यक्ष श्री सुरेश बाबु तिवारीले समितिको चौधौं साधारण सभामा दिनु भएको बक्तव्य:**

विद्यालय, महाविद्यालय र विश्वविद्यालय जस्ता औपचारिक संस्थाहरुमा प्रदान गरिने शिक्षाले मात्र ग्रामीण परिवेशमा रहेका जनतामा शिक्षा पुऱ्याउन नसकिने कुरालाई महसुश गरि बेलायतमा विश्वविद्यालयबाट बाहिर गएर अनौपचारिक रुपमा बयस्क समुदायलाई शिक्षा प्रदान गरेको थालनी नै प्रसार शिक्षाको थालनी थियो। संगठित रुपमा थालनी भएको यस्तो प्रसार शिक्षा भए पनि प्रसारको कृयाकलाप मानव सभ्यताको शुरुवातसँगै चलिआएको यथार्थतालाई नकार्न मिल्दैन। ज्ञान र सिप सहितको प्रविधि, उत्पादन स्थलदेखि त्यसको प्रयोगकर्ता समक्ष पुऱ्याउन प्रसार शिक्षा र त्यसमा लाग्ने जनशक्तिको महत्वपूर्ण भूमिका रहने नै भयो । विकासका बहुआयामिक पक्षहरुमा प्रसार शिक्षाको महत्व बढ्दै गयो। त्यसमा पनि बहुसंख्यक जनता ग्रामीण क्षेत्रमा रहने किसान भएका र उनीहरुको जीवनस्तर र शिक्षास्तर कमजोर हुने वास्तविकताले गर्दा प्रसार शिक्षा कृषि प्रसार शिक्षामा बढी ढल्किएको स्थिती हो ।

विकसित गरिएका बढी फाइदा दिने प्रविधि कृषक समक्ष पुऱ्याई, उनीहरुको निर्णय प्रकृयामा प्रभाव पारी अपनाउन लगाएर उनीहरुकै जीवन शैलीको गुणस्तरमा अभिवृद्धि गर्ने नै कृषि प्रसारको परम लक्ष हो भनेर मान्यता रहँदै आएको छ। परम्परागत रुपमा ग्रामीण क्षेत्रमा बस्ने कमजोर आर्थिक र शैक्षिक स्तर भएका किसान को अवधारणामा आधुनिक अवस्थामा धेरै परिवर्तन आएको छ । निर्वाहमुखी कृषक अव व्यवसायी र उद्यमी बनेका र उनीहरुको शिक्षाको स्तर बढेको साथै उनीहरुले विभिन्न सूचना श्रोतहरु प्रयोग गर्न थालेको अवस्था छ। यो गति विश्व मानचित्रमा नेपालको अवस्था ढिलै भए पनि अग्रगमनमै छ। कृषि प्रसारले आफ्नो ज्ञान र सिप सामाजिक मनोविज्ञान, समाजशास्त्र, संचार र बयस्क शिक्षा शास्त्र बाट लिएर प्रविधि प्रसारमा प्रयोग गर्ने गर्दछ ।

यस अर्थमा कृषि प्रसार समाज शास्त्रीय विज्ञान शिक्षा र प्रविधि मूलक प्रद्योगिक शिक्षाबाट अनुप्राणित भई आफ्ना सेवाग्राहीको सेवामा जुटेको हुन्छ। आधुनिक संसारमा प्रत्येक देशले आफ्ना नागरिकको जीवनस्तर उकास्न विभिन्न विकास प्रयासहरु गर्ने गर्छन । तिनमा धेरैजसो कृषि क्षेत्रसंग संवन्धित रहेकाले ती विकास प्रयासको संवाहकको रुपमा कृषि प्रसारलाई माध्यमको रुपमा अंगालेको पाइन्छ ।

कृषि प्रसार सेवा सरकारी कृषि विकास कार्यक्रम र अन्य गैर सरकारी संघ संस्था हरुको एउटा अंग बनिसकेको अवस्था छ । कृषि विज्ञान शिक्षामा कृषि प्रसार शिक्षाले पनि आफ्नो छुट्टै स्थान बनाएको छ । आजकल कृषि प्रसार लाई विभिन्न नाम कलेवरमा संसारभरिका कृषि विश्वविद्यालय र महाविद्यालय हरुमा पढाई हुन्छ र विभिन्न तहका डिग्री र उपाधी प्रदान गर्ने गरिन्छ। नेपालमा कृषि प्रसारको सरकारी प्रयास २००८ सालमा त्रिभुवन ग्राम विकास कार्यक्रमबाट भएको मान्न सकिन्छ ।

विभिन्न कालखण्डमा दाताको सहयोग र स्वदेशी लगानी आयोजना, परियोजना र कार्यक्रम मार्फत कृषि विकास कार्यक्रमहरु संचालन हुँदै आएका छन र ती सबै कार्यक्रम हरुमा लाभान्वित वर्गमा पुग्ने माध्यम कृषि प्रसारलाई लिइएको हुन्छ। विगत एवम् वर्तमानमा पनि बैदेशिक दाताको आर्थिक सहयोगको साथै थोपरिएका कृषि प्रसार विधीहरु लाई हामीले आत्मसात गर्दै त्यसमा परिमार्जन गर्दै अगाडी बढीरहेको अवस्था हो। नेपालमा पनि कृषि शिक्षा प्रदान गर्न समय क्रममा कृषि स्कूल, कृषि क्याम्पस र कृषि विश्व

विद्यालय खुले र हाल त्यो संख्या धेरै नै भैसकेको छ। ती सबैमा कृषि प्रसार एउटा अध्यापनको विषय बनेको र छुट्टै विशिष्टीकृत डिग्री उपाधी को क्षेत्र पनि ओगटेको छ। कृषि प्रसारको डिग्री उपाधी लिएको जनशक्ति र कृषि प्रसार सेवामा जुटेको पेशाकर्मी हरुको बाहुल्यता बढ्न थालेपछि यो समूहको छुट्टै अस्तित्व, स्वार्थ र आवद्धता स्थापित हुने क्रम सुरु भयो। नेपालमा भएका विभिन्न क्षेत्रका कृषि स्नातकहरुको पेशागत संगठनको रुपमा २०१७ सालमा नेपाल कृषि समिति को स्थापना भयो। यसै संगठनमा कृषि का सबै विधाका स्नातक पेशाकर्मीहरु आवद्धित भएका थिए र यो क्रम २०४६ सालसम्म कायम रह्यो ।

वि.सं. २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछिको खुल्ला वातावरणमा राजनीतिक दल, संघ संस्था र पेशागत संघ संगठन स्वतस्फूर्त रुपमा जन्मीन थाले। त्यहि क्रममा जन्मिएको हो हाम्रो यो नेपाल कृषि प्रसार समिति, २०४७ सालमा । नेपाल कृषि प्रसार समिति (नेकृप्रस) को ऐतिहासिक पृष्ठभूमी: नेकृप्रस को ऐतिहासिक पृष्ठभूमीलाई समीक्षात्मक अवलोकन गर्दा निम्न महत्वपूर्ण गतिविधिहरु स्मरणमा आउँछन्। १. कृप्र कार्यकर्ताहरुको वृत्ति विकास र मनोवल बढाउन संगठित तवरले प्रयास गर्न विसं २०४७ साल आश्वीन महिनाबाट शुरुवात भएको देखिन्छ ।

२. श्री विन्देश्वरी प्रसाद सिन्हाको संयोजकत्वमा बनेको नेकृप्रस को तदर्थ समितिले मिति २०४७/६/७ देखि २०४८/३/१६ सम्म विभिन्न बैठक गरि विभिन्न विरोध कार्यक्रम, ज्ञापनपत्र दिने कार्यक्रम एवम् संगठन सुधारका लागि अवधारणा पत्र प्रस्तुत गर्ने कार्यक्रम जस्ता गतिविधीहरु गरेको थियो । यसै समितिले २०४८ सालमा राष्ट्रिय कृषि प्रसार सम्मेलन गर्ने निर्णय गरेको र सो सम्मेलन मिति २०४८ आश्वीन १७ देखि ऐ १८ सम्म कृषि विभागमा सम्पन्न भएको थियो।

३. मिति २०४८/३/१६ वाट नेकृप्रस को तदर्थ समितिको संयोजक श्री रामेश्वर बहादुर सिंह हुनुभयो। ४. मिति२०४८/६/१८ मा श्री रामेश्वर बहादुर सिंहको संयोजकत्वमा भएको भेलामा निर्वाचन भई श्री पृथ्वीचन्द्र प्रसाद चौरसियाको अध्यक्षतामा समितिको प्रथम कार्यकारिणी समितिको गठन भयो ।

४ (क) मिति २०४७/७/१५ मा जिल्ला प्रशासन कार्यालय ललितपुरमा "नेपाल कृषि प्रसार समिति" संस्था दर्ता ऐन २०३४ वयोजिम स.द.नं १०२/०४७/४८ कायम गरि दर्ता भयो।

५. मिति २०४८/६/१८ मा श्री पृथ्वीचन्द्र प्रसाद चौरसिया को अध्यक्षतामा भएको प्रथम साधारण सभामा निवर्तमान नेकृप्रस तदर्थ समिति को तर्फवाट नेपाल कृषि प्रसार समितिको विधान २०४७ प्रस्तुत भएको र सोही मितिमा सा.स.ले सर्वसम्मति द्वारा पारित गरेको ।

६. मिति २०५२/४/१७ मा अध्यक्ष श्री पृथ्वीचन्द्र प्रसाद चौरसिया को सभापतित्वमा भएको सा.स. मा नयाँ का.स.को निर्वाचन भयो । समितिको नयाँ का.स. श्रीकृष्णचन्द्र शर्मा को अध्यक्षतामा गठन भयो।

७. मिति २०५६/२/१४ मा अध्यक्ष श्रीकृष्णचन्द्र शर्मा को सभापतित्वमा भएको सासमा नयाँ का.स.को निर्वाचन भयो । श्री बद्रि प्रसाद विमोली अध्यक्ष रहनु भएको नयाँ का.स. गठन भयो।

८. मिति २०५६/५/१७ मा कास का उपाध्यक्ष डा. हरि दाहालको अध्यक्षतामा बैठक बसी समिक्षा गरियो र महासचिवको जिम्मेवारी श्री सुरेश बाबु तिवारी लाई दिइयो।

९. मिति २०५९/५/२१ गते समितिका उपाध्यक्ष डा. हरि दाहाल को अध्यक्षतामा बैठक बस्यो । सो बैठकमा समिक्षा हुँदा समितिको दर्ता नवीकरणमा वाधा पर्न गएको कुरालाई महसुश गरि नयाँ दर्ताको कारवाही अगाडी बढाउने निर्णय गरियो र विधान मस्यौदा कार्यदल निर्माण गरियो। कार्यदललाई मिति २०५९/५/२४ मित्र मस्यौदा तयार गर्न कार्यादेश दिइयो ।

१०. मिति २०५९/५/२५ गते समितिका उपाध्यक्ष डा. हरि दाहाल को समापतित्वमा सम्पन्न कृषि प्रसार समूहसंग सम्बद्ध व्यक्तिहरु को भेलामा नेपाल कृषि प्रसार समितिको विधान २०५९ सर्वसम्मतिले पारित गरियो । भेलाले श्री शिवसुन्दर श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति गठन गऱ्यो र सो समितिलाई दर्ता प्रकृया अगाडि बढाउने, नयाँ सदस्यता वितरण गर्ने र विधान वमोजिम समितिको सा.स. बोलाउने कार्यादेश दिइयो। १०(क) मिति २०६०/३/३१ मा जिल्ला प्रशासन कार्यालय ललिपु मा " नेपाल कृषि प्रसार समिति" संस्था दर्ता ऐन २०३४ बमोजिम स. द. नं. १४६/१५७६/०५९ कायम गरि दर्ता भयो।

११. मिति २०६०/०९/१९मा तदर्थ समितिका अध्यक्ष श्री शिवसुन्दर श्रेष्ठको सभापतित्वमा भएको सा.स.मा श्री श्रेष्ठ है अध्यक्षतामा नयाँ का.स. को गठन भयो।

१२. मिति २०६२/१/२४ मा अध्यक्ष श्री शिव सुन्दर श्रेष्ठको सभापतित्वमा समितिको सा.स. सम्पन्न भयो

१३. मिति २०६३/९/२२ मा अध्यक्ष श्री शिवसुन्दर श्रेष्ठको सभापतित्वमा भएको सा.स.मा श्री श्रेष्ठकै अध्यक्षतामा दोश्रो कार्यकालको नयाँ का.स. को गठन भयो।

१४. मिति २०७१/९/१२ मा अध्यक्ष श्री शिवसुन्दर श्रेष्ठको सभापतित्वमा भएको सा.स. मा श्री ख्याम शर्मा पौडेल अध्यक्ष रहनु भएको नयाँ का.स. गठन भयो।

१५. मिति २०७४/५/२५ मा अध्यक्ष श्री ख्याम शर्मा पौडेलको सभापतित्वमा भएको सा.स.मा श्री मीन प्रसाद बुढाथोकी अध्यक्ष रहनु भएको नयाँ का.स. गठन भयो ।

१५(क) समितिको दर्ता प्रकृयामा वाधा उत्पन्न भएकोले श्री मीन प्रसाद बुढाथोकीको अध्यक्षतामा रहेको तत्कालीन का.स.ले नयाँ विधान " नेपाल कृषि प्रसार समितिको विधान २०७५" प्रस्तावित गरि जिल्ला प्रशासन कार्यालय, काठमाडौमा प्रस्तुत गरेको र सो कार्यालयबाट मिति २०७५/५/२७ मा स्वीकृत भई " नेपाल कृषि प्रसार समिति" संस्था दर्ता ऐन २०३४ बमोजिम द.नं. १४७ मा दर्ता भयो।

१६. मिति २०७६/५/१३ मा अध्यक्षश्री मीन प्रसाद बुढाथोकी को सभापतित्वमा समिति को सा.स. सम्पन्न भयो ।

१७. मिति २०७९/१/९ मा अध्यक्ष श्री मीन प्रसार बुढाथोकीको सभापतित्वमा भएको सा.स.मा श्री सुरेश बाबु तिवारी अध्यक्ष रहनु भएको नयाँ का.स.को गठन भयो ।

१८. मिति २०८०/५/१५ मा अध्यक्ष श्री सुरेश बाबु तिवारीको सभापतित्वमा साधारण सभा सम्पन्न भयो । सो सा.स. बाट समितिको विधान २०७५ को पहिलो संशोधन २०८० सर्वसम्मतिले पारित गऱ्यो ।

१९. समितिका सा.स. ले सर्वसम्मतिले पारित गरेको विधानका संशोधित बुँदाहरुमा जिल्ला प्रशासन कार्यालय काठमाडौंले केहि बुँदालाई अलग गरि मिति २०८०/८/२० मा स्वीकृत गऱ्यो। उपरोक्त अनुसार

नेकृप्रस को विकास क्रमलाई सिंहावलोकन गर्दा विधान २०४७, २०५९ हुँदै हाल २०७५ क्रियाशील रहेको अवस्था छ ।

यस प्रकार यो समिति विभिन्न समय र अवस्थाको वाधा अड्चन लाई आत्मसात गर्दै यो अवस्थामा आइपुगेको छ । साधारण सभाहरुको सांखिकीय सिलसिलेवार नामाकरण: विसं २०४७ देखि विभिन्न । मितिमा हुँदै आएका साधारण सभा र भेला लाई एउटै क्रमागत सिलसिलामा राख्न मनासिव देखिएकोले यस प्रकार सिलसिलेवार सांखिकीय नामाकरण गरि कार्यकारिणी बैठकको निर्णयद्वारा अभिलेख गरिएको छ।

पहिलो साधारण सभा: मिति २०४८/६/१८

दोश्रो साधारण सभा: मिति २०५२/४/१७ ते

श्रो साधारण सभा: मिति २०५६/२/१४

चौथो साधारण सभा: मिति २०५९/५/२५

पाँचौ साधारण सभा: मिति २०६०/९ /१९

छैटौं साधारण सभा: मिति २०६२/१/२४

सातौं साधारण सभा: मिति २०६३/९/२२

आठौं साधारण सभा: मिति २०७१/९/१२

नवौं साधारण सभा: मिति २०७४/५/२५

दशौं साधारण सभा: मिति २०७५/९/२७

एघारौं साधारण सभा: मिति २०७६/५/१३

बाऱ्हौं साधारण सभा: मिति २०७९/१/९

तेऱ्हौं साधारण सभा: मिति २०८०/५/१५

चौधौं साधारण सभा: मिति २०८१/४/२५

कृषि सेवामा कृषि प्रसार समूह: बृहद कृषि विज्ञान लाई विविध विधाका हाँगाहरुमा बाँडेर अध्ययन गरिए जस्तै सेवा प्रवाहमा पनि कृषि सेवा भित्र विभिन्न समूहहरु निर्माण भएका छन । समूह अनुसार कार्यविभाजन गरिएको हुन्छ। नेपालमा जव कृषि विकासको संगठित प्रयास सुरु भयो नेपाल कृषि सेवा अन्तर्गत १०/१२ वटा समूहहरु बने । धैरै समूहहरु अनुसन्धान र विकाससंग सम्बन्धित थिए भने कृषकस्तरसम्म माध्यम बन्ने समूह कृषि प्रसार नै थियो। सुरुमा अनुसन्धान , विकास र प्रसार एउटै विभाग बाट संचालित हुन्थ्यो र यसलाई तदनुरुप समन्वय गरिएको हुन्थ्यो ।

तर कालान्तरमा विभागहरु बन्ने र जोडिने क्रम भइरहे । यस क्रममा आधारभूत रूपमा सबै विभागबाट प्रसारकै काम भए पनि कृषि प्रसार समूहलाई कृषि विभागमा मात्रै केन्द्रित गरियो। पशु सेवा, वागवानी र खाद्य प्रविधिका विभागहरुले आफ्नो स्थापना क्रममा कृषि प्रसार समूहको आवश्यकता महसुश गरेनन् ।

उनीहरुबाट प्रसारको काम भए पनि त्यो काम विभाग को नामसंग जोडिएको समूहबाट हुँदै आयो । यसबाट समूहको अवधारणागत कार्यक्षेत्रको अतिक्रमण भएको छ।

अनुसन्धान र विकास संग सम्बधित समूहले प्रसारको जिम्मेवारी पनि लिंदा ती समूहको आफ्नो मुख्य जिम्मेवारी ओझेलमा परेको त छँदै छ भने यता कृषि प्रसारको जनशक्ति अन्यौलमा छ। विसं २०४६ पछि अनुसन्धान र विभागहरु अलग भएपछि कृषि प्रसारको जिम्मेवारी झन संकुचित बन्न पुग्यो । प्रसारको नेतृत्व जुन समूहले गरे पनि हुने भयो । यसले अरु समूहका व्यक्तिहरु रमाएकै देखियो । तर यो व्यवस्थावाट ऐले कृषि विकासको जनशक्ति संरचनामा ठूलो भद्रगोल सृजना भएको छ। समूह विभाजनको अवधारणागत रुपमा कुनै औचित्य पुष्टि भएको छैन। समग्र रुपमा सबैले कृषि प्रसारकै काम गरे पनि कृषि सेवाको कृषि प्रसार समूह चाहीं रुग्ण अवस्थामा छ । अरु समूहका व्यक्तिहरु जतातताै क्रियाशील हुन पाए पनि उनीहरुको मातृ समूहको विकासमा धक्का लागेको छ। अर्को विडम्बना, खुला र छड्के प्रवेशले सृजना गरेको समस्या छ। एउटा समूहमा प्रवेश, त्यसपछि खुला र आन्तरिक प्रतियोगिताबाट अर्को समूहमा जाने व्यवस्थाले व्यक्ति विशेषको तह वृद्धि भए पनि त्यसले कृषि सेवा आक्रान्त पारेको छ। आज विशेषज्ञ सेवा चाहिने समूहका जनशक्ति अन्य समूहमा जाने र त्यहाँ अर्कै समूहबाट आएको जनशक्ति अभ्यस्त भै नरहेको अवस्था छ।

ट्यागको रुपमा समूह त प्रत्येक कृषि सेवाको जनशक्तीसंग हुन्छ, तर कामले त्यो बोलीराखेको पाइन्न । यी कुराहरुलाई मध्यनजर गरेर कृषि सेवाको समूह वर्गीकरणमा नयाँ तवरले निर्ममतापूर्वक कदम चाल्नु पर्ने आवश्यकता छ। कृषिका पेशागत संगठनहरु: विसं. २०४६ पछि कृषिका प्रत्येक विधा र सेवा समूहका पेशागत संगठनहरु बने। सेवा समूह र पेशागत संगठन एक आपसमा परिपूरक हुन र कतिपय अवस्थामा एक आपसका प्रतियोगी पनि हुन ।

कृषि क्षेत्रका त्यस्तै ११/१२ पेशागत संगठनहरुलाई नेपाल कृषि महासंघले समन्वय गर्ने प्रयास गरे पनि यथेष्ट हुन सकेको छैन। कृषि प्रसार समितिको अगाडीको यात्रा: माथिनै व्यक्त गरियो कि कृषि प्रसार समिति एउटा प्राज्ञिक एवम् पेशागत संगठ्न हो । यसले सरकारी जागीरेहरुको मात्र पक्षपोषण गर्ने होइन । यसले त हेर्न पर्ने कुरा कृषि प्रसार विज्ञान क्षेत्रमा के कस्तो विकास भैरहेको छ, त्यसको नेपालसंग के कस्तो सान्दर्भिकता छ, नेपालको लागि के कस्तो प्रसार विधि ठिक हुन्छ आदि विषयमा अध्ययन र सिफारिश आदि मुख्य हुन। परम्परागत रुपमा सोच्दै आएको कृषि प्रसार भनेको माध्यम, पुल, मध्यस्थकर्ता आदि उपनाम अधुनिक युगमा परिवर्तन भएको छ। सूचना प्रविधिमा आएको क्रान्तिकारी परिवर्तनले कृषि प्रसारको भूमिका र सेवालाई नयाँ तवरले सोच्न पर्ने भैसेकेको छ। आफ्नो समूहसंग जोडिएको जनशक्तिको वृत्ति विकास र मनोवल उकास्ने पनि यो समितिको दायित्व हो। यसको लागि यसै समूहसंग दत्तचित्त भएर लाग्ने जनशक्तिको आवश्यकता छ । जहाँसम्म नेपाल कृषि प्रसार समितिको कुरा छ, यसमा समय दिएर लाग्ने जनशक्ति र आवश्यक श्रोतको कमी छ। तर थोरै संख्यामा भए पनि केहि व्यक्ति लाग्न सकेमा सानातीना कामहरु गरेर पनि आफ्नो, कृषि क्षेत्रको र समग्र राष्ट्रको समृद्धिमा केहि इट्टाहरु थप्न सकिने विश्वास लिन सकिन्छ।

धन्यवाद !